संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोश्रो अधिवेशन
बैठक संख्या - ७

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल जेठ ५ गते शुक्रबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बेलुका ६:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) ले संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा सम्माननीय राष्ट्रपति महोदयले गर्नुभएको सम्बोधनको प्रति टेबुल गर्नु भयो ।

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ३७ को उपनियम (२) बमोजिम सम्माननीय राष्ट्रपति महोदयबाट गरिएको सम्बोधनको लागि निम्नलिखित धन्यवादको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्नु हुँदा सर्वसम्मतीले पारित भयो ।

धन्यवादको प्रस्ताव

"सम्माननीय राष्ट्रपतिबाट नेपालको संविधानको धारा ९५ बमोजिम संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्वत् २०८० जेठ ५ गते शुक्रबारका दिन गर्नुभएको सम्बोधनको लागि प्रतिनिधि सभाको यो बैठक सम्माननीय राष्ट्रपति महोदयमा धन्यवाद ज्ञापन गर्दछ ।"

तत्पश्चात सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपति महोदयले गर्नुभएको सम्बोधनमा उल्लिखित आ.व. २०८०/०८१ को नेपाल सरकारको बार्षिक नीति तथा कार्यक्रममाथि छलफल गर्न र सम्माननीय प्रधानमन्त्रीबाट जवाफ दिनका लागि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ३८ को उपनियम (१) बमोजिम यही २०८० साल जेठ ७, ८, ९, १० र ११ गतेका दिनहरु तोकेको व्यहोरा जानकारी गराउनु हुँदै उक्त सम्बोधनमाथि दलीय प्रतिनिधित्वको आधारमा छलफल गर्न सम्बन्धित दलका पदाधिकारीहरुले वक्ता माननीय सदस्यहरुको नाम बैठक प्रारम्भ हुनु भन्दा एक घण्टा अगावै कार्यव्यवस्था शाखा, संघीय संसद सचिवालय, नयाँ बानेश्वरमा उपलब्ध गराई दिनुहुन र संशोधन पेश गर्न चाहनु हुने माननीय सदस्यहरुले सोको सूचना २०८० साल जेठ ६ गते शनिबार बिहान ११:०० बजेदेखि दिनको २:०० बजेभित्र प्रतिनिधि सभा कार्यव्यवस्था शाखा, संघीय संसद सचिवालय, सिंहदरबारमा दिन सक्नुहुने व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभाको २०८० जेठ १ गतेको बैठकबाट संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०७५ को नियम ४२ को उपनियम (३) बमोजिम सर्वसम्मतिबाट पारित भएको "संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली संशोधन मस्यौदा समिति गठन गरियोस्" भन्ने नामावली सहितको प्रस्तावमाथि राष्ट्रिय सभाको २०८० जेठ ५ गते बसेको बैठकले सोही नियमावलीको नियम ४२ को उपनियम (४) बमोजिम उक्त समितिमा राष्ट्रिय सभाका माननीय सदस्य श्री अनिता देवकोटा, माननीय सदस्य श्री गंगा कुमारी बेलबासे र माननीय सदस्य श्री भैरव सुन्दर श्रेष्ठको मनोनयन सहित सर्वसम्मत रुपमा स्वीकृत गरेको जानकारी सो सभाबाट प्राप्त भएको व्यहोरा माननीय सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल जेठ ७ गते आइतबार बिहान ११:०० बजे बस्नेगरी बैठक बेलुका ६:२५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव